निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन बुलेटिन

• वर्ष १ • अंक ४ • २०७४ असार १५ (June 29, 2017)

## स्थानीय तहको दोस्रो चरणको निर्वाचन

# मतदानमा व्यापक सहभागिताप्रति आममतदाता र सरोकारवालाहरूमा आभार प्रकट




प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव (दायाँबाट तेस्रो) विशेष पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै ।

**आदरणीय मतदाता बुवा, आमा, दिदी बहिनी तथा दाजुभाइहरू,**

स्थानीय तहको दोस्रो चरणको निर्वाचन अन्तर्गत आज असार १४ गते बुधबार प्रदेश नं. १, ५ र ७ गरी ३५ जिल्लाका ३३४ स्थानीय तहका कूल ८३६४ मतदान केन्द्रमध्ये बझाङको जयपृथ्वी नगरपालिकाको पाण्डु मावि मतदान केन्द्र क, ख बाहेक अन्य सबै मतदान केन्द्रमा मतदान कार्य शान्तिपूर्ण एवं अत्यन्त उत्साहजनक र मतदाताको व्यापक उल्लासपूर्ण सहभागितामा सम्पन्न भएको छ । सो मतदान केन्दमा ज्येष्ठ मतदाताले सहयोगी लगेको सम्बन्धमा बिबाद भएपछि मतदान स्थगित भएको हो ।

आज बिहान वर्षाका कारण केही मतदान केन्द्रमा मतदान कार्य ढिलो शुरु भएपनि सबै मतदान केन्द्रहरूमा मतदाताको व्यापक उत्साहपूर्ण सहभागितामा मतदान भएको छ । स्थानीयस्तरमा त्रिपाल लगायतका सामग्रीहरूको व्यवस्था गरी मतदान केन्द्रलाई वर्षाबाट सुरक्षित र व्यवस्थित गर्न सम्पूर्ण राजनीतिक दल, उम्मेदवार, स्थानीय नागरिक समाज तथा अन्य सरोकारवालाबाट प्राप्त सहयोगप्रति आयोग धन्यवाद व्यक्त गर्दछ । मतदाता महानुभावहरूले लोकतान्त्रिक अभ्यासमा जनाउनुभएको व्यापक सहभागिताप्रति आभार प्रकट गर्दै आयोग आम मतदाता महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दछ ।

आज मतदान सम्पन्न भएका ३५ जिल्लाबाट प्राप्त प्रारम्भिक विवरण अनुसार कम्तीमा ७०.५ प्रतिशत मतदान भएको छ । यो आँकडा अझ बढ्नसक्ने आयोगले अनुमान गरेको छ । आज निर्वाचन भएका ३५ जिल्लामध्ये सबैभन्दा बढी बाजुरामा ८० प्रतिशत र सबैभन्दा ... (बाँकी पृष्ठ ७ मा)

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
डा. अयोधीप्रसाद यादव



निर्वाचन आयुक्त
इला शर्मा



निर्वाचन आयुक्त
नरेन्द्र दाहाल



निर्वाचन आयुक्त
इश्वरीप्रसाद पौड्याल



निर्वाचन आयुक्त
सुधीरकुमार शाह



निमित्त सचिव
महेश्वर न्यौपाने

*सम्पादकीय*

# मतदानमा उत्साहजनक सहभागिता

स्थानीय तहको दोस्रो चरणको निर्वाचन अन्तर्गत यही असार १४ गते प्रदेश नं. १, ५ र ७ का ३५ जिल्लाका ३३४ स्थानीय तहका लागि भएको मतदान सम्पन्न भई मतगणना कार्य जारी रहेको छ । असारको मध्यमा हुन लागेको दोस्रो चरणको निर्वाचनलाई वर्षाले असर पार्ने अनुमान गरे पनि मौसमले साथ दिएको अवस्था रहेको थियो । असार १४ गते बिहान केही मतदान केन्द्रहरूमा वर्षाका कारण मतदान कार्य ढिलाइ भए पनि मतदान गर्ने मतदाताहरूको धैर्यता, उत्साह अनि जोश जाँगरमा भने कुनै कमी आएको देखिएन ।

असार १४ गते मतदानका लागि तोकिएको बिहान ७ बजेको समयभन्दा अगाडि नै मतदाताहरू मतदान केन्द्र अगाडि लामबद्ध भइसकेका थिए । निर्वाचन आयोगले आग्रह गरे अनुसार मतदाताहरू आफ्ना खेतबारीका कामलाई समेत एक दिनलाई थाँति राखेर निर्वाचनमा अत्यन्त उत्साहका साथ सहभागी भएका थिए । वर्षायाममा मतदाताहरू खेतीपातीमा लाग्ने र झरीले गर्दा मतदाताहरूको कम सहभागिता हुने भन्ने भनाइलाई यसपटकको निर्वाचनमा आम मतदाताले देखाएको सहभागिताले गलत सावित गरेको छ ।

अर्कोतर्फ केही निर्वाचन विरोधी तत्वहरूले केही स्थानमा विष्फोटक पदार्थ समेत प्रयोग गरी मतदाताहरूलाई त्रसित बनाउन खोजे पनि त्यो सफल भएन । सुरक्षा सतर्कता र सुरक्षा निकायहरूको प्रभावकारी परिचालनबाट स्थिति नियन्त्रणमा लिई त्यस्ता गतिविधिमा संलग्न भएकाहरूलाई कानुनी दायरामा ल्याएकाले मतदाताहरूले भयरहित वातावरणमा मतदान गर्न पाएका थिए ।

मतदानमा आम मतदाताले देखाएको जोश, जाँगर एवं उत्साह र सुरक्षा निकायहरूले गरेको सुरक्षाको पूर्ण प्रत्याभूतिका कारण असार १४ गतेको मतदान कार्यमा आम मतदाताको व्यापक सहभागिता देखिएको हो । यसले गर्दा स्थानीय तहको दोस्रो चरणको यो निर्वाचनमा ७३.६९ प्रतिशत मतदान भई निर्वाचन ऐतिहासिक सावित भएको छ ।

## कल सेन्टर सञ्चालनसम्बन्धी सूचना

*"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"*

**२०७४ वैशाख ३१ गतेको पहिलो चरणको निर्वाचनमा सञ्चालनमा आएको कल सेन्टर असार १४ गते हुन गइरहेको स्थानीय तह निर्वाचनसँग सम्बन्धित प्रश्न तथा जिज्ञासाको जवाफ सर्वसाधारण, मतदाता तथा सरोकारवालाहरुलाई प्रदान गर्नका लागि निर्वाचन आयोग, कान्तिपथ, काठमाडौंमा मिति २०७४ वैशाख १५ गतेदेखि बिहान ८ बजेबाट बेलुकी ८ बजेसम्म कल सेन्टर सञ्चालन भइरहेकाले यो सूचना प्रकाशित गरिएको छ। पुनश्च: नेपाल टेलिकमको नेटवर्कबाट कल गर्दा प्रश्नकर्तालाई कुनै शुल्क लाग्ने छैन।**

**टोल फ्रि नम्बर १६६००१४४२२२**

# दोस्रो चरणको निर्वाचनमा ७३.६९ प्रतिशत मतदान

स्थानीय तहको दोस्रो चरणको निर्वाचन अन्तर्गत प्रदेश नं. १, ५ र ७ का ३५ जिल्लाका ३ सय ३४ स्थानीय तहका लागि भएको निर्वाचनमा ७३.६९ प्रतिशत मतदान भएको छ । प्राप्त परिणाम अनुसार, प्रदेश नम्बर १ मा ७२.४९ प्रतिशत, प्रदेश नं. ५ मा ७५.३४ प्रतिशत र प्रदेश नं. ७ मा ७३.०५ प्रतिशत मतदान भएको छ । जिल्लागत रूपमा भने ३५ जिल्लामध्ये ३० जिल्लामा ७० प्रतिशतभन्दा बढी मतदान भएको छ । मत प्रतिशतको जिल्लागत विवरण यस प्रकार रहेको छ ।

**स्थानीय तह निर्वाचन दोश्रो चरण (खसेको मत विवरण)**

| प्रदेश नं. | सि.नं. | जिल्ला | स्थानीय तह | मतदान केन्द्र | मतदाता | समास केन्द्र | खसेको मत | | | | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | पुरुष | तेश्रो लिङ्ग | जम्मा | |
| १ | १ | ईलाम | १० | २४९ | १८९२७४ | २४९ | ७६९९४ | ६९०७० | १ | १४६०६५ | ७७.१७११९ |
| | २ | उदयपुर | ८ | २२२ | १७५४६१ | २२२ | ६४९२९ | ५६८६८ | | १२१७९७ | ६९.४१५४३ |
| | ३ | ओखलढुंगा | ८ | १२७ | ९१५०८ | १२७ | ३४५८९ | ३०५८७ | १ | ६५१७७ | ७१.२२५४७ |
| | ४ | खोटाङ | १० | १७३ | ११५६४४ | १७३ | ३७८५० | ३५३९४ | | ७३२४४ | ६३.३३५७५ |
| | ५ | झापा | १५ | ६३७ | ५१०२१६ | ६३७ | २००७२६ | १७२११३ | १ | ३७२८४० | ७३.०७४९३ |
| | ६ | ताप्लेजुङ | ९ | १०५ | ७०७७८ | १०५ | २४५५६ | २५७९३ | | ५०३४९ | ७१.१३६५१ |
| | ७ | तेह्रथुम | ६ | ८५ | ६०७०४ | ८५ | २२४४५ | २०४५१ | | ४२८९६ | ७०.६६४२१ |
| | ८ | धनकुटा | ७ | १४३ | ९५३६७ | १४३ | ३७३३४ | ३२१५७ | | ६९४९१ | ७२.८६६९२ |
| | ९ | पाँचथर | ८ | १५६ | ११६६२६ | १५६ | ४०५२४ | ३८२७७ | | ७८८०१ | ६७.५६७२७ |
| | १० | भोजपुर | ९ | १४१ | १०५५५३ | १४१ | ३६१३५ | ३३८६३ | | ६९९९८ | ६६.३१५५ |
| | ११ | मोरङ | १७ | ६६९ | ५६३८७० | ६६९ | २२२२५० | २०२६७४ | १ | ४२४९२५ | ७५.३५८६८ |
| | १२ | संखुवासभा | १० | १४७ | ९६६५७ | १४७ | ३५१७७ | ३३७०० | | ६८८७७ | ७१.२५९१९ |
| | १३ | सुनसरी | १२ | ४८५ | ४२११५९ | ४८५ | १६५३३३ | १४७८५९ | | ३१३१९२ | ७४.३६४३१ |
| | १४ | सोलुखुम्बु | ८ | १२० | ६१७४६ | १२० | २०९५८ | २०२५९ | | ४१२१७ | ६६.७५२५ |
| **प्रदेश १ जम्मा** | | | **१३७** | **३४५९** | **२६७४५६३** | **३४५९** | **१०१९८००** | **९१९०६५** | ४ | **१९३८८६९** | **७२.४९२९३** |
| ५ | १ | अर्घाखाँची | ६ | १६६ | १२६६९९ | १६६ | ५१७०२ | ३७७९६ | | ८९४९८ | ७०.६३८२८ |
| | २ | कपिलवस्तु | १० | ३८७ | २८६५४८ | ३८७ | १०९१७१ | १११२२५ | २ | २२०३९८ | ७६.९१४८६ |
| | ३ | गुल्मी | १२ | २४० | १८०७७५ | २४० | ७२२०३ | ५४२८६ | १ | १२६४९० | ६९.९७०९६ |
| | ४ | नवलपरासी | ७ | २४० | १८३०१३ | २४० | ७३९७७ | ६४४५४ | ६ | १३८४३७ | ७५.६४३२६ |
| | ५ | रुपन्देही | १६ | ५४३ | ४५८६१६ | ५४२ | १८३७५१ | १७२७९४ | ० | ३५६५४५ | ७७.७४३६९ |
| | ६ | पाल्पा | १० | २११ | १६२२५३ | २११ | ६६६८६ | ५०१४८ | १ | ११६८३५ | ७२.००७९१ |
| | ७ | दाङ | १० | ३५१ | २९११५० | ३५१ | ११९६५६ | ९८६८२ | १ | २१८३३९ | ७४.९९१९३ |
| | ८ | प्युठान | ९ | १८६ | १२७४४७ | १८६ | ५४८३१ | ३५८९२ | १ | ९०७२४ | ७१.१८५६७ |
| | ९ | बर्दिया | ८ | ३१४ | २५३१८५ | ३१४ | १०७९८९ | ९०२७८ | ७ | १९८२७४ | ७८.३११९१ |
| | १० | बाँके | ८ | २९५ | २४६०७८ | २९५ | ९८९०८ | ९५४१४ | २ | १९४३२४ | ७८.९६८४६ |
| | ११ | रोल्पा | १० | १५४ | ११४२४३ | १५४ | ४६८७८ | ३४१९९ | | ८१०७७ | ७०.९६८९ |
| | १२ | रुकुम | ३ | ३८ | २४४८१ | ३८ | ९९९७ | ८२६१ | | १८२५८ | ७४.५८०२९ |

| प्रदेश नं. | सि.नं. | जिल्ला | स्थानीय तह | मतदान केन्द्र | मतदाता | समाप्त केन्द्र | खसेको मत | | | | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | पुरुष | तेश्रो लिङ्ग | जम्मा | |
| प्रदेश ५ जम्मा | | | १०९ | ३१२५ | २४५४४८८ | ३१२४ | ९९५७४९ | ८५३४२९ | २१ | १८४९१९९ | ७५.३३९५ |
| ७ | १ | अछाम | १० | १८५ | १२७७४२ | १८५ | ५२२२६ | ३७८९६ | १ | ९०१२३ | ७०.५५०८ |
| | २ | कंचनपुर | ९ | २९३ | २३५७३५ | २९३ | ९५१६१ | ७६५२४ | | १७१६८५ | ७२.८२९६६ |
| | ३ | कैलाली | १३ | ४९० | ४०३२८० | ४९० | १६१४१६ | १३५९४९ | ६ | २९७३७१ | ७३.७३८१ |
| | ४ | डडेलधुरा | ७ | ११० | ७५७८० | ११० | ३०३७२ | २३९२१ | | ५४२९३ | ७१.६४५५५ |
| | ५ | डोटी | ९ | १५५ | १००८८७ | १५५ | ४३०३४ | २९००२ | | ७२०३६ | ७१.४०२६६ |
| | ६ | दार्चुला | ९ | १२८ | ७२९०६ | १२८ | | | | ५५२७५ | ७५.८१६८१ |
| | ७ | बझाङ | १२ | १५४ | ९७६१० | १५३ | ३९५३१ | ३१७४७ | | ७१२७८ | ७३.०२३२६ |
| | ८ | बाजुरा | ९ | ९१ | ६४९५० | ९१ | २७२५१ | २३२३० | | ५०४८१ | ७७.७२२८६ |
| | ९ | बैतडी | १० | १७४ | १२४८२४ | १७४ | ५०९२५ | ३८९८७ | | ८९९१२ | ७२.०३१०२ |
| प्रदेश ७ जम्मा | | | ८८ | १७८० | १३०३७१४ | १७७९ | ४९९९१६ | ३९७२५६ | ७ | ९५२४५४ | ७३.०५६९७ |
| कुल जम्मा | | | ३३४ | ८३६४ | ६४३२७६५ | ८३६२ | २५१५४६५ | २१६९७५० | ३२ | ४७४०५२२ | ७३.६९३३८ |
| मतदान हुन बाँकि स्थानहरुः- २ (बझाङ १, रुपन्देही १) | | | | | | | | | | | |

# स्थानीय तह निर्वाचनको मतगणना शुरु



स्थानीय तहको दोस्रो चरणको निर्वाचन अन्तर्गत असार १४ गते बुधबार सम्पन्न ३ सय ३४ स्थानीय तहमध्य ३०७ स्थानीय तहको मतगणना शुरु भएको छ ।

निर्वाचन आयोगमा रहेको संयुक्त निर्वाचन सञ्चाल केन्द्र (जेइओसी) मा प्रप्त विवरण अनुसार अब २५ स्थानीय तहको मतगणना शुरु हुन बाँकी रहेको छ ।

उच्च पहाडी र हिमाली जिल्लाका विकट मतदानस्थलबाट मतपेटिका हेलिकप्टरबाट ल्याइएको छ भने ताप्लेजुङ जिल्लाको एउटा मतदान स्थलको मतपेटिका संकलन हुने क्रममा रहेको छ ।

पहिलो चरणको स्थानीय तहको निर्वाचनको अनुभवको आधारमा यसपटक मतगणना छिटो सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाइएको निर्वाचन आयोगका निमित्त सचिव महेश्वर न्यौपानेले जानकारी दिनुभयो ।

निमित्त सचिव न्यौपानेका अनुसार, आयोगले छिटो मतगणना सम्पन्न गर्नका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्न, भौतिक सुविधा र सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित मुख्य/ निर्वाचन अधिकृत र स्थानीय प्रशासनलाई निर्देशन दिएको छ ।

# कुटनीतिक निकायबाट विराटनगरका ११ मतदान केन्द्रको अवलोकन



जापानका कूटनीतिज्ञहरूसहितको टोली मोरङका विभिन्न मतदान केन्द्रहरूको अवलोकनका क्रममा सामूहिक तस्बिरमा

दोस्रो चरणको स्थानीय तह निर्वाचनमा जापान, स्वीट्जरल्याण्ड लगायतका कुटनीतिज्ञहरूको टोलीले मोरङ लगायतका जिल्लाका विभिन्न ११ मतदान केन्द्रको अवलोकन गरेको छ ।

कुटनीतिज्ञहरूले सत्यनारायण मावि धरान रोड, सरस्वती मावि ठाकुरवाडी रोड, आदर्श मावि रगंशाला र विराट निमावि नगरपालिका चोकमा रहेका मतदान केन्द्रहरूको अवलोकन गर्नुभएको थियो ।

यसैगरी, भूपालमान सिंह राधाकृष्ण मावि, सार्वजनिक मावि विराटनगर, साविक झोराहाट गाविस, सरस्वती मावि झोराहाट, महेन्द्र मोरङ क्याम्पस, शिक्षा सदन र कन्या क्याम्पसमा रहेका मतदान केन्द्रहरूको पनि उहाँहरूले अवलोकन गर्नुभएको थियो ।

दोस्रो चरणको निर्वाचनमा काठमाडौंमा रहेका कूटनीतिक नियोगका सदस्यहरूलाई देशका विभिन्न आठ शहरमा निर्वाचन अवलोकनको व्यवस्था मिलाएको थियो ।

आयोगले प्रदेश नम्बर १ मा विराटनगर र धनकुटा, प्रदेश नम्बर २ मा जनकपुर र बर्दिबास, प्रदेश नम्बर ५ मा भैरहवा र पाल्पा तथा प्रदेश नम्बर ७ मा धनगढी र डडेलधुरामा अवलोकन भ्रमण गराउने तयारी गरेपनि केही कुटनीतिज्ञ समूहले मात्र विराटनगरमा मतदान केन्द्रको अवलोकन गरेको थियो ।

वैशाख ३१ मा सम्पन्न पहिलो चरणको स्थानीय तह निर्वाचनमा नेपालमा रहेका १२ वटा कूटनीतिक नियोगका टोलीहरूले अध्ययन भ्रमण गरेका थिए ।

## मोरङ र सुनसरीमा केन्द्रीय अनुगमन टोली

निर्वाचन आयोगले दोस्रो चरणको स्थानीय तह निर्वाचन अन्तर्गत मोरङ र सुनसरी जिल्लामा मतगणनाको अनुगमनका लागि केन्द्रीय अनुगमन टोली खटाएको छ ।

आयोगका सहसचिव सुशील कोइरालाको नेतृत्वमा असार १५ गते बिहीबार दुईवटै जिल्लामा केन्द्रीय अनुगमन टोली खटाएको हो । टोलीमा आयोगकै उपसचिव (कानुन) कृष्णराज खनाल रहनुभएको छ ।

टोलीले मोरङ र सुनसरी जिल्लाका मतगणना स्थलहरूको अनुगमन गरी तीन दिनभित्र आयोगमा प्रतिवेदन बुझाउने छ ।

# निर्वाचन कार्यक्रम तर्जुमा समिति गठन




निर्वाचन आयोगले यही २०७४ साल माघ ७ गतेभित्र सम्पन्न गर्नुपर्ने प्रदेशसभा र संघीय संसद्को निर्वाचनको तयारीका कार्यहरू अगाडि बढाउने प्रयोजनका लागि निर्वाचन आयोगको सचिवको संयोजकत्वमा निर्वाचन कार्यक्रम तर्जुमा समिति गठन गरेको छ । यही असार १२ गते बसेको आयोगको बैठकले गठन गरेको सो समितिमा निर्वाचन आयोगका सबै महाशाखा प्रमुख र केही शाखा प्रमुखहरू सदस्य रहनुभएको छ । समितिलाई प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि निर्वाचन क्षेत्र निर्धारण आयोग शीघ्र गठन गर्नका लागि आयोगलाई सुझाव पेश गर्ने र प्रदेशसभा, संघीय संसद्, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, नियम तथा निर्देशिकाको मस्यौदा गर्ने र सरोकारवाला निकायसँग समन्वय गर्ने कार्यादेश दिइएको छ ।

यसैगरी, निर्वाचनका लागि आवश्यक जनशक्ति योजना बनाउने, निर्वाचन सामग्रीको माग, आपूर्ति, वितरण र भण्डारण सम्बन्धी योजना बनाउने, मतदाता नामावली संकलन तथा अद्यावधिक, छपाई र ढुवानी योजना बनाउने, निर्वाचन कार्यक्रम बनाउने तथा मतदाता शिक्षा र तालिम कार्यक्रम संचालनको रणनीति एवं कार्ययोजना बनाउने लगायतका कार्यादेश समितिलाई दिइएको छ ।



कञ्चनपुरको भीमदत्त नगरपालिकाको मतगणना हुँदै

(पृष्ठ १ को बाँकी)

**मतदानमा व्यापक ...**

कम भोजपुरमा ६१ प्रतिशत मतदान भएको छ । मतदानका लागि आज बिहान ७ बज्नुभन्दा अगाडिदेखि नै मतदान केन्द्रहरूको अगाडि मतदाताहरू पङ्क्तिबद्ध भई उत्सुकतापूर्ण सहभागिता जनाउनुभएको थियो । निर्वाचन विरोधीले केही ठाउँमा राखेका बमलाई निष्क्रिय बनाउन र मतदान कार्यमा बाधा पुऱ्याउने व्यक्तिहरूलाई नियन्त्रणमा लिई निर्वाचन कार्यलाई सफल बनाउनमा सुरक्षाकर्मीहरूले समयमा नै देखाएको तदारूकताको कारणले मतदातामा देखिएको भयरहित उत्साहले मतदान कार्यमा अधिकाधिक सहभागिता बढाएकोमा आयोग सुरक्षाकर्मी एवं अन्य सरोकारवालामा धन्यवाद ज्ञापन गर्दछ ।

आज मतदान कार्य सम्पन्न भएलगत्तै सबै मतपेटिका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा लै जाने काम भइरहेको छ । मतदान कार्य सम्पन्न भएका स्थानीय तहका मतपेटिकाहरू सम्बन्धित स्थानीय तहको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूले मतगणना गर्ने विषयमा राजनीतिक दलहरूसँग समन्वय गरी मतगणनाको मिति र समय तोकी मतगणना कार्य आजैबाट अगाडि बढाउनु हुनेछ ।

आयोगले वर्षातलाई समेत ध्यानमा राखी निर्वाचन व्यवस्थापनको तयारी गरेकाले मतदान केन्द्रहरूमा सहज ढंगले मतदान कार्य सम्पन्न भएको छ । मतदान कार्यलाई सफल बनाउन कठिन परिश्रमका साथ अहोरात्र खटिनुभएका निर्वाचन आयोगका कर्मचारीहरू, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारी तथा सुरक्षाकर्मीलगायतलाई आयोग धन्यवाद ज्ञापन गर्दछ ।

## आदरणीय महानुभावहरू

उम्मेद्वारहरूका प्रतिनिधिहरूको रोहवर वा उपस्थितिमा मतदाताले गोप्य मतदानमार्फत व्यक्त गर्नुभएको जनादेश अब मतपेटिकामा सङ्कलित भइसकेको छ । निर्वाचन परिणामप्रति विश्वास व्यक्त गर्न र मतदाताको मतादेशलाई पूर्ण सम्मान गर्न समस्त राजनीतिक दल र उम्मेदवारहरूसँग निर्वाचन आयोग हार्दिक अपील गर्दछ ।

साथै मतदाताले व्यक्त गरेको मतलाई लिएर उत्तेजनामा नआउन, संयमता प्रदर्शन गर्न तथा लोकतान्त्रिक पद्धति र प्रक्रियाप्रतिको प्रतिबद्धतालाई पुनः अभिव्यक्त गर्न आयोग सबै सरोकारवालासँग आग्रह समेत गर्दछ । मतदान कार्यलाई सफल बनाउने कार्यमा सहयोग पुऱ्याउने नेपाल सरकार, मित्र राष्ट्र, दातृ निकाय, विकास साझेदार संस्था तथा अन्तर्राष्ट्रिय समुदायको सहयोग एवं सद्भावप्रति आयोग पुनः धन्यवाद दिन चाहन्छ ।

## आदरणीय पत्रकार मित्रहरू

आज सम्पन्न भएको दोस्रो चरणको स्थानीय तहको निर्वाचनको मतदान कार्यलाई यसअघिको पहिलो चरणको निर्वाचनमा जस्तै सफल बनाउन आम सञ्चार जगत्ले खेलेको भूमिकाप्रति आयोग आभार प्रकट गर्दै आम सञ्चार जगत्लाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छ । मतदानको समाचार सम्प्रेषणमा सञ्चारकर्मी मित्रहरूले देखाउनु भएको जाँगर, उत्साह र लगनशीलताको आयोगले उच्च कदर गरेको छ । विभिन्न ठाउँबाट प्रत्यक्ष प्रशारणमार्फत मतदातालाई सुसूचित पार्ने कार्यमा सञ्चारकर्मीहरूले पुऱ्याउनु भएको योगदानको समेत आयोग उच्च सम्मान गर्दछ ।

*(२०७४ असार १४ गते (२८ जुन, २०१७) मतदान सम्पन्न भएको दोस्रो चरणको 'स्थानीय तह निर्वाचन' को विषयमा माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले २०७४ असार १४ गते बुधबार साँझ मिडिया सेन्टरमा आयोजित विशेष पत्रकार सम्मेलनमा दिनुभएको वक्तव्य)*



प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव (बायाँबाट तेस्रो) विशेष पत्रकार सम्मेलनमा सञ्चारकर्मीहरूको प्रश्नको जवाफ दिनुहुँदै ।



झापाका १०४ वर्षीय हरिप्रसाद वाग्ले मतदान पश्चात्



बैतडीकी ११३ वर्षीया पशुपति साउद मतदान गर्नुहुँदै



स्थानीय तह निर्वाचनमा मतदानका लागि विराटनगरको एक मतदान केन्द्रमा लामबद्ध मतदाताहरू


## सम्पादक मण्डल

संरक्षक : महेश्वर न्यौपाने, निमित्त सचिव

संयोजक : दीपक सुवेदी, सहसचिव

सहसंयोजक : लक्ष्मीप्रसाद यादव–सहसचिव, सूर्यप्रसाद शर्मा–सहसचिव एवं प्रवक्ता, नवराज ढकाल–सहसचिव

सम्पादक सदस्यहरु : गोविन्द चिमौरिया, नारद गौतम, नारायण न्यौपाने, अच्युत अर्याल, अमरेन्द्र यादव

सदस्य–सचिव : प्रदीप भट्टराई–पुस्तकालय अधिकृत, मुद्रण व्यवस्थापन : बाबुराम कोइराला–मुद्रण अधिकृत

तस्बिर : पुन्देव रौनियार, कम्प्युटर लेआउट : कुमार लुइटेल


फोन : ०१–४२२८६६३, फ्याक्स : ०१–४२२६७००, इमेल : info@election.gov.np, वेबसाइट : www.election.gov.np